६८

हरिवन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही

मधेश प्रदेश, नेपाल

लागत सहभागितामा कृषि समरसेल जडान

कार्यविधि-२०८०

रमेश बुढाथोकी
नगर प्रमुख

लागत सहभागितामा कृषि समरसेल जडान कार्यविधि-२०८०

पृष्ठभूमिः

हरिवन नगरपालिका क्षेत्रभित्रका किसानहरुलाई अनुदानमा कृषि समरसेल प्रदान गरि कृषकको उत्पादन र उत्पादकत्व बृद्धि गरी व्यवसायिक र प्रतिष्पर्धी बनाई आय आर्जन वृद्धि गराउन लागत सहभागितामा कृषि समरसेल जडान कार्यक्रम लागु गर्न वाञ्छनीय देखिएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी हरिवन नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद १
प्रारम्भिक

१। संक्षिप्त नाम र प्रारम्भः

- ✓ यो कार्यविधिको नाम "लागत सहभागितामा कृषि समरसेल जडान कार्यविधि-२०८०" रहेको छ।
- ✓ यो कार्यविधि नगरकार्यपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषाः विषय/प्रसंगले अर्को अर्थ नलागेमाः

- ✓ "नगरपालिका" भन्नाले हरिवन नगरपालिकालाई सम्झनु पर्दछ।
- ✓ "नगरप्रमुख" भन्नाले हरिवन नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।
- ✓ "नगर उप-प्रमुख" भन्नाले हरिवन नगरपालिकाको उप-प्रमुख सम्झनु पर्दछ।
- ✓ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हरिवन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।
- ✓ "आर्थिक विकास समितिको संयोजक" भन्नाले हरिवन नगरपालिकाको विषय क्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समिति सम्झनु पर्दछ।
- ✓ "वडा" भन्नाले हरिवन नगरपालिकाका सबै वडाहरुलाई सम्झनु पर्दछ।
- ✓ "कृषि अनुदान" भन्नाले कृषि/पशुपक्षी कार्यकालागि नगरपालिकाले उपलब्ध गराउने अनुदानलाई सम्झनु पर्दछ।
- ✓ "कृषि" शब्दले बाली, बागवानी, पशुपन्छी, मत्स्यपालन, व्यवसायिक किट आदिका उपक्षेत्र सँग सम्बन्धित उत्पादन, प्रशोधन, उद्योग एवम् व्यवसायलाई सम्झनु पर्दछ ।

रमेश बुढाथोकी
नगर प्रमुख

३. कार्यक्रम संचालनको उद्वेश्यः

- लागत सहभागितामा कृषि समरसेल जडान गरि कृषक, कृषक समुह, फर्म/सहकारीको उत्पादन र उत्पादकत्व बृद्धि गरी व्यवसायिक र प्रतिष्पर्धी बनाई आय आर्जन बृद्धि गराउने।
- सिंचित क्षेत्रफलमा विस्तार गर्ने।

परिच्छेद-२
अनुदान वितिरणका क्षेत्रहरु

- **साना सिचाईः** व्यक्तिगत, व्यवसायिक वा सहकारी आवद्ध भएर खाद्यान्न, नगदे/औद्योगिक, तरकारी तथा फलफूल बाली, मसला तथा जडिबुटि खेती गर्ने/गरिरहेका कृषक, कृषक समुह, फर्म/सहकारीहरुलाई लागत सहभागितामा कृषि समरसेल जडान गरिनेछ।

परिच्छेद-३
कार्यक्रम संचालन प्रकृया

४. न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः

- यस कार्यक्रममा सहभागी हुनको लागि यस नगरपालिका भित्र रहेका ईच्छुक कृषक, कृषक समुह, फर्म/सहकारी संस्थाहरु नगरपालिकाको कृषि विकास शाखामा अनिवार्य सूचीकृत भएको हुनुपर्नेछ।
- अनुदान प्राप्त गर्न ईच्छुक कृषक, कृषक समुह, फर्म/सहकारी संस्थाहरुले तोकिएको कागजात संलग्न राखी अनुसूची १ वा २ वमोजिमको आवेदन पेश गर्नुपर्नेछ।
- अनुदान व्यवस्थापन समितिले ईच्छुक कृषक, कृषक समुह, फर्म/सहकारी संस्थाहरुलाई छनौट गर्नेछ।
- छनौट भएका कृषक, कृषक समुह, फर्म/सहकारी संस्थाहरु नगरपालिकाले तोकिएको समय भित्र कार्य योजना सम्झौता गर्नु पर्नेछ।
- तोकिएको समय भित्र कार्ययोजना सम्झौता गर्न नआएको खण्डमा सम्झौता गर्न बाध्य हुने छैन।
- क्षेत्रफल- कम्तिमा ३ विघा हुनुपर्नेछ।

रमेश बुढाथोकी
नगर प्रमुख

हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

परिच्छेद-४

अनुदान रकमको सीमा र प्रतिशतः

- ✓ नगरपालिकाको प्राविधिक शाखाले तयार गरेको लागत अनुमान प्रतिवेदनको आधारमा अनुदान रकम प्राप्त गर्ने व्यक्ति, संस्था, समुह, फर्म, कम्पनी वा सहकारीको बैंक खातामा जम्मा गरिने छ।
- ✓ निजी, सार्वजानिक/सामुदायिक एंव व्यवसायिक प्रयोजनका लागि लागत साझेदारीमा कृषि समरसेलमा अधिकतम ५०% अनुदान हुनेछ।

परिच्छेद-५

व्यवस्थापन समिति

क. अनुदान व्यवस्थापन गर्न नगरपालिकामा निम्न बमोजिमको व्यवस्थापन समिति रहनेछ।

१. नगरप्रमुख- अध्यक्ष

२. नगरउपप्रमुख- सदस्य

३. आर्थिक विकास समितिको संयोजक- सदस्य

४. पुर्वाधार शाखा प्रमुख- सदस्य

५. कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

समितिको बैठकमा आवश्यकता अनुसार बढीमा २ जना सम्म बिषय बिज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

परिच्छेद-६

अनुगमन तथा मुल्यांकन

- ➢ यस कार्यविधि अनुरुप काम भए नभएको सम्बन्धमा अनुगमन तथा मुल्यांकन समितिले अनुगमन तथा सुझाव दिन सक्नेछ।
- ➢ यस बमोजिम बितरण भएको अनुदान रकमको जानकारी नगर सभा समक्ष पेश गर्नु पर्नेछ।
- ➢ अनुगमन तथा मुल्यांकन समिति नगरपालिकामा निम्न बमोजिमको रहनेछ।

क) नगर उप-प्रमुख - संयोजक

ख) आर्थिक विकास समितिको संयोजक- सदस्य

ग) पुर्वाधार शाखा प्रमुख- सदस्य

घ) योजना शाखा प्रमुख- सदस्य

ङ) कृषि विकास शाखा प्रमुख- सदस्य सचिव

रमेश बुढाथोकी
नगर प्रमुख

हरिवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

परिच्छेद-७

संशोधन तथा परिमार्जन

नगरकार्यपालिकाले यो कार्यविधि जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

परिच्छेद-८

खारेजी तथा बचाउ

यो कार्यविधि प्रचलित नेपाल कानून, प्रदेश कानून र हरिवन नगरकार्यपालिकाको कानूनसंग बाझिएमा बाझिएको हद सम्म खारेज वा संशोधन हुनेछ।

रमेश बुढाथोकी
नगर प्रमुख

हरिवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
मधेश प्रदेश, नेपाल

अनुसूची-१

लागत सहभागितामा कृषि समरसेल जडानका (समुह) लागि आवेदन

श्रीमान नगरप्रमुख ज्यु,

नगर कार्यपालिकाको कार्यालय,

हरिवन, सर्लाही

विषयः लागत सहभागितामा कृषि समरसेल जडान सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा हाम्रो श्री ....कृषक समुह, फर्म, कम्पनी/सहकारी हरिवन नगरपालिका वडा नम्बर ..... मा .... सालदेखि .... क्षेत्रफलमा व्यवसायिक रुपले खाद्यान्न, नगदे/औद्योगिक, तरकारी तथा फलफूल बाली, मसला तथा जडिबुटि खेती गर्दै आएका छौ। हरिवन नगरपालिकाबाट मिति ....मा प्रकाशित लागत सहभागितामा कृषि समरसेल जडानका लागि आवेदन सम्बन्धि सूचनाको म्याद भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखी लागत सहभागितामा कृषि समरसेल जडानका लागि आवेदन पेस गरेका छौ।

रमेश बुढाथोकी
नगर प्रमुख

निवेदकको नामः

हस्ताक्षरः

सम्पर्क नम्बरः

समुहको छापः

अनुसूची-२

लागत सहभागितामा कृषि समरसेल जडानका (व्यक्तिगत) लागि आवेदन

श्रीमान नगरप्रमुख ज्यु,

नगर कार्यपालिकाको कार्यालय,

हरिवन, सर्लाही

विषयः <u>लागत सहभागितामा कृषि समरसेल जडानका सम्बन्धमा।</u>

उपयुक्त सम्बन्धमा म .... हरिवन नगरपालिका वडा नम्बर ..... मा .... सालदेखि ....क्षेत्रफलमा खाद्यान्न, नगदे/औद्योगिक, तरकारी तथा फलफूल बाली, मसला तथा जडिबुटि खेती गर्दै आएको छु। हरिवन नगरपालिकाबाट मिति ....मा प्रकाशित लागत सहभागितामा कृषि समरसेल जडानका लागि आवेदन सम्बन्धित सूचनाको म्याद भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखी लागत सहभागितामा कृषि समरसेल जडानका लागि आवेदन पेस गरेको छु।

रमेश बुढाथोकी
नगर प्रमुख

निवेदकको नामः

हस्ताक्षरः

सम्पर्क नम्बरः

संलग्न गर्नुपर्ने कागजातहरु:

१. सूचीकृतको लागि नगरपालिकाले तयार गरेको ढाँचामा निवेदन।

२. कृषकको हकमा नागरिकताको प्रतिलिपी, जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी, जमिन भाडामा लिई खेती गर्नेको हकमा करार सम्झौता, ऐलानी जग्गाको हकमा वडा कार्यलयबाट प्रमाणित गरेको कागजात।

३. कृषक समुह, सहकारी/फार्म/कम्पनीको हकमा नागरिकताको प्रतिलिपी, जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी, जमिन भाडामा लिई खेती गर्नेको हकमा करार सम्झौता, ऐलानी जग्गाको हकमा वडा कार्यलयबाट प्रमाणित गरेको कागजात, संस्था दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

४. कृषक समुह, सहकारी संस्थाको हकमा बैठकको निर्णयको प्रतिलिपी ।

हरिवन नगरपालिका
कार्यपालिकाको कार्यालय

रमेश बुढाथोकी
नगर प्रमुख

आज्ञाले

देवेन्द्र सापकोटा

प्रमुख प्रशासकीय अधिकृत